आज मिति २०८१।१२।२८ गते नलगाड नगरपालिकाका नगर प्रमुख श्री डम्बर बहादुर रावत ज्यूको अध्यक्षतामा नलगाड नगरपालिकाको ४९ औ नगर कार्यपालिकाको बैठक वसी तपसिलमा बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क स | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डम्बर बहादुर रावत | नगर प्रमुख | | |
| २ | श्री देवका लामिछाने | नगर उपप्रमुख | | |
| ३ | श्री शेर बहादुर पुन | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री धन बहादुर महर | वडा नं १ वडा अध्यक्ष | | |
| ५ | श्री पुर्ण बहादुर खत्री | वडा नं २ वडा अध्यक्ष | | |
| ६ | श्री कौशी बहादुर विष्ट | वडा नं ३ वडा अध्यक्ष | | |
| ७ | श्री बद्री बहादुर पन्त | वडा नं ४ वडा अध्यक्ष | | |
| ८ | श्री ओमराज वली | वडा नं ५ वडा अध्यक्ष | | |
| ९ | श्री विरेन्द्र खड्का | वडा नं ६ वडा अध्यक्ष | | |
| १० | श्री कृष्ण बहादुर गिरी | वडा नं ७ वडा अध्यक्ष | | |
| ११ | श्री तेज बहादुर सिंह | वडा नं ८ वडा अध्यक्ष | | |
| १२ | श्री भविन्द्र बहादुर सिंह | वडा नं ९ वडा अध्यक्ष | | |
| १३ | श्री अनिता रोकाया | वडा नं १० वडा अध्यक्ष | | |
| १४ | श्री लाल बहादुर बाँनिया | वडा नं ११ वडा अध्यक्ष | | |
| १५ | श्री मोहन बहादुर खत्री | वडा नं १२ वडा अध्यक्ष | | |
| १६ | श्री सेतु गिरी | वडा नं १३ वडा अध्यक्ष | | |
| १७ | श्री कुमारी वि क | कार्यपालिका सदस्य | | |
| १८ | श्री खिमा कुमारी शर्मा | कार्यपालिका सदस्य | | |
| १९ | श्री मनमाया घर्ती | कार्यपालिका सदस्य | | |
| २० | श्री सिलाकुमारी कामी | कार्यपालिका सदस्य | | |
| २१ | श्री सरिताकुमारी शाही | कार्यपालिका सदस्य | | |
| २२ | श्री कलिभाने नेपाली | कार्यपालिका सदस्य | | |
| २३ | श्री सरीता वादी | कार्यपालिका सदस्य | | |
| २४ | श्री सर्वजित वि क | कार्यपालिका सदस्य | | |

**निर्णय नं १** :- स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ को दफा १५ को उपदफा (२) मा भएको व्यवस्था अनुसार कर्णाली प्रदेश लोक सेवा आयोगको च नं ५४२ मिति २०८१।१२।०५ गतेको सिफारिस पत्रानुसार भानु-११ तनहुँ स्थायी ठेगाना भएका श्री विवेक भट्टराई कृषि सेवा, भेटेरिनरी समुह, सातौ तह, पशु चिकित्सक पदमा मिति २०८१।१२।१० गते देखी लागु हुने गरी स्थायी नियुक्ति प्रदान गरी नलगाड नगरपालिका पशुसेवा शाखामा शाखा प्रमुखको जिम्मेवारी सहित पदस्थापना गरिएकोले उक्त नियुक्ति तथा पदस्थापना अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**:- (क) यस नलगाड नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरुमा वडा कार्यालयहरुमा साविक देखी सेवा करारमा कार्यरत रहेका कर्मचारीहरु, मेडिकल अधिकृत, कृषि स्नातक, बालकल्याण अधिकारी, सुचना प्रविधि अधिकृत, ईन्जिनियर, सब-ईन्जिनीयर, असिस्टेन्ट सब ईन्जिनियर, सामाजिक परिचालक, मनोसामाजिक कार्यतकर्ताहरु, द्धन्द्ध प्रभावित स्वयसेवक, हेभि सवारी चालक, हलुका सवारी चालक, श्रेणी विहीन कर्मचारी (स्वीपर, चौकीदार, पाले, कार्यालय सहयोगी, हेल्प डेस्क सहायक) कर्मचारीहरुको मिति २०८२।०१।०१ गते देखी २०८२ असार मसान्तसम्म ३ महिनाको लागि करार सेवा अवधि थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

(ख) नलगाड नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तरगत विषयगत शाखाहरुमा साविक देखी सेवा करारमा कार्यरत एक गाउँ एक कृषि प्राविधिक, एक गाउँ एक पशु प्राविधिक, कृषि स्नातक र आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा अन्तरगत विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत अ.न.मी. अहेव, ल्याव असिस्टेन्ट, मेडिकल अधिकृत, नेत्र सहायक, स्टाफ नर्स, सचिवालय सहायक कार्यालय सहयोगी लगायत करार सेवामा कार्यरत कर्मचारीहरुको मिति २०८२।०१।०१ गते देखी २०८२ असार मसान्तसम्म ३ महिनाको लागि करार सेवा अवधि थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं ३** यस नलगाड नगरपालिका मार्फत आर्थिक बर्ष २०८१।०८२ को पौष मसान्तसम्म निर्माण सम्पन्न हुने गरि सम्झौता भई म्याद थप भएका आयोजनाहरु नलगाड नगरपालिकाका पूर्वाधार विकास शाखा प्रमुख ज्यूको संयोजकत्वमा गठित समितिको २०८१ चैत्र ११ गते पेश गरेको प्रतिवेदन समेतको आधारमा भौगोलिक विकटता, विनासकारी भुकम्प, बजेट निकास लगायतका समस्याका कारण सम्पन्न हुन नसकेका देहाय बमोजिमका आयोजनाहरुको निर्माण कार्यसम्मपन्नको लागि म्याद थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

सुन्दर बहादुर रावत
नगर प्रमुख

नगर उप-प्रमुख